# साँफेबगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

साँफेबगर, अछाम

सुदुर पश्चिम प्रदेश, नेपाल

**एक शिक्षण संस्था एक उद्यम  कार्यकक्रम कार्यान्वयन कार्यविधि २०७९**

स्वीकृत मिति : २०७९/१२/२८

१. **प्रस्तावना :** राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ ले निर्देशित गरे अनुसार उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सबलीकरणका लागि शिक्षण संस्था मार्फत " एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्धेश्यले साँफेबगर नगरपालिका नगर कार्यपालिका मार्फत यो कार्यविधि बनाईएको छ।

२. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम एक शिक्षण संस्था एक्क उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ।

(२)यो  कार्यविधि साँफेबगर नगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुने छ।

३. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" भन्नाले साँफेबगर पालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा उद्यमशीलता विकासका लागि संचालित सम्झनु पर्दछ।

ख) " प्रमुख र उपप्रमुख" भन्नाले साँफेबगर नगरपालिकाका प्रमुख तथा उपप्रमुखलाई सम्झनु पर्दछ।

ग) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ।

घ) "शिक्षण संस्था" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागु भएका शिक्षण संस्था सम्झनु पर्दछ।

ङ) "विद्यार्थी उद्यमी क्लब" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालनको लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ।

च) "उद्यम कोष" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागु भएका शिक्षण संस्थामा उद्यम संचालनका लागि स्थापित कोष सम्झनु पर्दछ।

छ) "उद्यम कोषह संचालन समिति" भन्नाले उद्यम कोष संचालन गर्ने समितिलाई सम्झनु पर्दछ।

ज) "संरक्षक समिति" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको संचालान्क्को लागि गठित समिति सम्झनु पर्दछ।

झ) "साझेदार संस्था" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालनका लागि प्राविधिकक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्दछ।

ञ) "पुर्व विद्यार्थी मंच" भन्नाले विगतमा सम्बन्धित शिक्षण संस्थामा अध्ययन गरी हाल बिभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मंच सम्झनु पर्दछ।

ट) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान,सिप,अनुभव र दक्षता भ्जेको व्यक्ति सम्झनु पर्दछ ।

ठ) "विद्यार्थी कल्याणका कार्यक्रम" भन्नाले विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमलाई सम्झनु पर्दछ ।

ड) "प्राविधिक तथा व्यवसायिक धार" भन्नाले विद्यालय तहमा (कक्षा ९-१२) शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृति लिई संचालन भएका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

ढ) "नमुना विद्यालय" भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट नमुना विकस्का लागि छनौट गरेका विद्यालय साथै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले छनौट गरेका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

**४) उद्धेश्य :** एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रमुख उद्धेश्य उद्यमशीलता मार्फत सार्वजनिक शिक्षाको सबलीकरण गर्नु हो भने अन्य उद्धेश्यहरु देहाय बमोजिम रहेका छन ।

क) शिक्षण संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

ख) शिक्षण संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।

ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी सिकाई रुपान्तरण गर्ने ।

घ) सार्वजनिक शिक्षाको सबलीकरण गर्ने ।

**५) लक्षित शिक्षण संस्था** : साँफेबगर नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शिक्षण संस्था हुनेछन ।

**६) उद्यम क्षेत्र :** शिक्षण संस्थाले उद्यम गर्न सकिने व्यवसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन ।

क) कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसाय ,

ख) बन (जडिबुटी, वनपैदावार) मा आधारित उद्यम व्यवसाय

ग) विज्ञान तथा सूचना प्रविधि र संचारमा आधारित उद्यम व्यवसाय

घ) पर्यटन प्रवर्द्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय

ङ) निर्माणमा आधारित उद्यम व्यवसाय

च) कलामा आधारित उद्यम व्यवसाय

छ) संस्कृति, साहित्य, सिर्जना, गीत संगीतमा आधारित उद्यम व्यवसाय

ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय

**७) विद्यार्थी उद्यमी क्लब :** (१) एक शिक्षण संस्था एक उद्यम लागु गरिएका विद्यालयमा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेको अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहने छ ।

(२) विद्यार्थी उद्यमी क्लबको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालन, रेखदेख, व्यवस्थापन गर्ने ।

ख) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालनको लागि सरोकारवालाहरुसंग सहकार्य, समन्वय, साझेदारी गर्ने ।

ग) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागु गर्ने ।

ङ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तिमा वर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखिकरण गर्ने ।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यकक्रम गर्ने ।

**८) उद्यम कोषको संचालन** : (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागु भएका शिक्क्षण संस्थामा उद्यम संचालनका लागि स्थापित उद्यम कोष रहने छ । उक्त कोष संचालन गर्नाक्को लागि देहाय बमोजिम उद्यम कोष संछालन समिति रहने छ ।

क) विद्यालयको प्रधानाध्यापक –अध्यक्ष

ख) उद्यमी विद्यार्थी क्लबका अध्यक्ष –सदस्य

ग) विद्यालय लेखा हेर्ने कर्मचारी –सदस्य सचिव

२) उद्यम कोषह संचालक समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क) उद्यम कोष संचालन,रकम परिचालन र रेखांकन

ख) उद्यम कोषको आम्दानी बाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने।

ग) उद्यम क्कोश्को विस्तार, संरक्षण र सम्बर्द्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संचालित रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान ।

ग) उद्यमबाट प्राप्त आम्दानी ।

घ) पुर्व विद्यार्थी मन्चबाट उद्यम संचालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम ।

ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम ।

च) अन्य व्यक्ति तथा संस्थाबाट अनुदान स्वरूप प्राप्त रकम ।

४) उद्यम कोषबाट देहाय अनुसर खर्च गर्न सकिने छ : उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम संचालन, विस्तार, तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ| उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिने छ ।

**९) संरक्षक समिति गठन** : (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहाय बमोजिम एक संरक्षक समिति रहने छ ।

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष –अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष – सदस्य

ग) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखिकरण गरी उद्यम कोषमा रकम जुटाउने ।

ख) एक शिक्क्षण संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने ।

ग) विद्यार्थी उद्यमी क्लबलाई उद्यम संचालनको लागि सबै प्रकारको सहजिकरण , क्षमता विकासका कार्यक्रम संचालन गर्ने गराउने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मुल्यांकन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

१०) शिक्षण संस्था छनौटका आधारहरु : (१) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्य कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शिक्षण संस्थालाई उद्यम संचालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ ।

| क्र.स. | छनौटका आधारहरु | अंक |
|---|---|---|
| १ | उद्यम परियोजनाको प्रस्ताव | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १० |
| ३ | उद्यमी विद्यार्थी क्लब गठन भएको | ५ |
| ४ | पुर्व विद्यार्थी मंच गठन भएको | ५ |
| ५ | सम्बन्धित वडाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भौतिक पूर्वाधार (पानी,बिजुली,जग्गा) | २० |
| ८ | मध्यमिक तह (९-१२) को विद्यार्थी संख्या | १० |
| जम्मा | | १०० |

(२) प्राविधिक तथा व्यवसायिक धारको शिक्षा लागु भएका नमुना सामुदायिक माध्यमिक विद्यालयलाई विशेष प्राथमिकता दिईने छ ।

**११) सूचना प्रकाशन**: (१)एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि साँफेबगर नगरपालिकाको कार्यालयबाट इच्छुक शिक्षण संस्थाहरुको जानकारीका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिने छ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछी एक शिक्षण संस्था एक्क उद्यम कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यवसायिक परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ ।

**३) शिक्षण संस्था छनौट समिति** : साँफेबगर नगरपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मुल्यांकन गरी छनौट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी नगर प्रमुखको संयोजकत्वमा नगर उप प्रमुख तथा प्रमुख प्रशासकीय सदस्य र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव रहने गरी कम्तिमा चार सदस्य रहेको समिति मार्फत शिक्षण संस्था छनौट गर्नु पर्नेछ ।

४) शिक्षण संस्था छनौट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

५) शिक्षण संस्था छनौट समितिको बैठक सम्बन्धि कार्यविधि र छनौट सम्बन्धि आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) शिक्षण संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकता अनुसार विद्यालयको स्थलगत अनुगमन समेत गर्न सक्ने छ ।

**१२) उद्यम सम्झौता** : (१) शिक्षण संस्था छनौट समिति बाट छनौट भएका शिक्क्षण संस्था र नगरपालिका बीच तोकिए बमोजिम ढाँचामा द्रिपक्षीय सम्झौता गरिने छ ।

**१३) प्रतिवेदन** : (१) शिक्षण संस्थाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तह्मा पेश गर्नु पर्नेछ । त्यस्पछि चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ्र ।

**१४) लेखा परिक्षण** : (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा छुट्टै राख्नु पर्ने छ ।

२) उद्यमको आर्थिक कारोबारको लेखापरीक्षण शिक्षण संस्थाले सुचिकृत गरेको दर्तावाला लेखापरिक्षक मध्यबाट गराउनु पर्नेछ ।

३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखापरीक्षण गरी सार्वजनिकक गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुनेछ ।

**१५) अनुगमन तथा मुल्यांकन** : (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र स्थानीय तह्बाट समेत गरिने छ । यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राख्नु पर्ने छ ।

२) आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरु लिन सक्ने छ ।

**१६) पुरस्कार** : नगरपालिकाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजमुलक बनाउन निम्न सूचकका आधारमा उच्चतम अंक हाँसिल गर्ने शिक्षण संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्ने छ ।

क) अधिकतम रोजगार सृजनाको अवस्था ,

ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

ग) निर्यातमा वृद्धि र आयात प्रतिस्थापनमा सहयोग पुर्याएको ,

घ) उत्पात्दन गरिएका सामग्रीको गुणस्तर,

ङ) उद्यम मार्फत नवप्रवर्तन तथा उद्यमशीलता विकास,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

छ) उद्यम कोषमा भएको रकम वृद्धिको अवस्था,

ज) कार्ययोजना अनुसार कार्यसम्पादन ।

**१७) दण्ड सजाय** : (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शिक्षण संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शिक्षण संस्थालाई पालिकाबाट संचालन गरिने कार्यक्रममा सहभागी गराइने छैन ।

२) शिक्षण संस्थासंग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा दिईएको बजेट हिनामिना गरेमा उक्त शिक्षण संस्थाबाट क्षतिपूर्ति समेत भराई प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिने छ ।

**१८) विविध** : यस कार्यविधि बमोजिम एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९) निर्देशनको पालना** : संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

**२०) कर्यढाँचा संसोधन गर्न सक्ने** : आवश्यकता अनुसार नगरपालिका बाट कर्यढाँचा संसोधन गर्न सकिने छ।

**२१) बाधा अड्काउ फुकाउने** : यो कार्यक्रम कर्यान्वियनमा कुनै बाधा आइपरेमा नगर कार्यपालिका बाट बाधा अड्काउ फुकाउन सकिने छ ।

## अनुसूची १
## (दफा ११ को उपदफा २ संग सम्बन्धित)

एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालन गर्न चाहने विद्यालयहरुको निवेदनको ढाँचा

श्रीमान नगर प्रमुख ज्यु,
साँफेबगर नगरपालिका,
अछाम|

विषय प्रस्ताव पेश गरेको सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषय सम्बन्धमा तहाँ पालिका बाट मिति ............ मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा "एक शिक्षण संस्था एक उद्यम" कार्यक्रम संचालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१) विद्यालयको नाम ठेगाना :
२) प्राविधिक धारको शिक्षा संचालन भए विषय र नमुना विकासको लागि छनौट भएको भए छनौट भएको मिति
३) प्रधानाध्यापकको नाम र सम्पर्क नम्बर
४) उद्यमी विद्यार्थी क्लबको नाम सम्पर्क नम्बर
५) उद्यम गर्न चाहेको व्यवसायिक क्षेत्र
६) कक्षागत विद्यार्थी विवरण (९-१२ सम्म)
७) जग्गा सम्बन्धि विवरण :
    क) विद्यालयको नाममा भएको
    ख) विद्यालाय्को हकभोग प्राप्त
    ग) बर्तमानमा उपयोगको अवस्था
८) भौतिक पूर्वाधार सम्बन्धि विवरण
    क) कक्षाकोठा संख्या
    ख) कक्षाकोठा उपयोगको अवस्था
    ग) प्रयोगशालाको अवस्था
    घ) पानी बिजुलिको उपलव्धता
९) उपलव्ध अन्य स्रोत साधनको विवरण
१०) उद्यम कोष सम्बन्धि विवरण
    क) कोष रहेको बैंकको नाम
    ख) खाता नं
    ग) कोष संचालकहरुको नाम

हस्ताक्षर
उद्यमी विद्यार्थी क्लब अदक्षको नाम
मिति

हस्ताक्षर
प्रधानाध्यापकको नाम
मिति

(नोट : व्यवसायिक परियोजना प्रस्ताव अलग्गै पेश गर्नु पर्ने छ।

**अनुसूची २**

**(दफा ११ को उपदफा २ संग सम्बन्धित)**

**व्यवसायिक परियोजना प्रस्तावको नमुना ढाँचा**

| क्र.स. | विवरण | विवरणको विस्तृतिकारण |
|---|---|---|
| १ | उद्यमको नाम संक्षिप्त परिचय र उद्धेश्य | विद्यार्थी उद्यमी क्लबको नाम उद्यमको संक्षिप्त परिचय उद्धेश्य क्षेत्र उत्पादन हुने बस्तुको नाम |
| २ | उद्यम संचालन हुने स्थान | प्रदेश जिल्ला न.पा. वडा नं टोल |
| ३ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | छात्र छात्रा जनाशक्ति कको प्राप्ति स्थानीय स्तर बाह्रय |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम स्थानीय स्तर बाह्रय |
| ५ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम अनुमानित लागत स्रोत स्थानीय स्तर बाह्रय |
| ६ | उद्यमका लागि अनुमानित लागत | कुल चल अचल नाम लगानी स्थानीय स्तर बाह्रय |
| ७ | उत्पादित बस्तुको बजार क्षेत्र | बजारको नाम स्थानीय जिल्ला प्रदेश राष्ट्रिय दुरी ढुवानी खर्च लक्षित ग्राहक प्रतिस्प्रधाको अवस्था बजार विकासको सम्भावना |
| ८ | व्यवसायबाट अनुमानित आम्दानी | बार्षिक अनुमानित आम्दानी खर्च नाफा |
| ९ | रोजगारी पाउने विद्यार्थी संख्या उद्यमी क्लब बाहेक अनुमानित | छात्र छात्रा अन्य जम्मा |
| १० | उद्यम संचालन गर्न आवश्यक प्राविधिक जनशक्ति | उपलव्ध रहेको नरहेको |
| ११ | अन्य प्रविधिको प्रयोग | |
| १२ | उद्यम कार्यान्वयन योजना ५ वर्षको | |